# प्रेस विज्ञप्ति

इन्टरनेट इमेल सेवाको सेवा शुल्क वृद्धि भएको भनी हालै विभिन्न संचार माध्यममा प्रकाशित समाचारप्रति यस नेपाल दूरसंचार प्राधिकरणको गम्भिर ध्यानाकर्षण भएको छ। इन्टरनेटको सेवा शुल्क वृद्धि गर्ने गरी हालै इन्टरनेट इमेल सेवा प्रदायकहरुबाट यस प्राधिकरणमा कुनै प्रस्ताव नभएको र यस प्राधिकरणबाट इन्टरनेट सवाको शुल्क वृद्धि गर्ने गरी कुनै स्वीकृति प्रदान नगरिएको व्यहोरा सम्बन्धित सबैमा प्राधिकरण स्पस्ट पार्न चाहन्छ। दूरसंचार सेवा प्रदायकले दूरसंचार सेवा उपलब्ध गराएवापत लिने सेवा शुल्क उचित र मनासिव हुनुपर्ने, अनुमतिपत्र प्राप्त सेवा व्यक्तिले लिने सेवा शुल्कको दर यस प्राधिकरणले तोकेको तत्सम्बन्धी निर्देशिकाको आधारमा तयार गरी लागू हुने दिनसमेत उल्लेख गरी त्यसको कम्तिमा तीन महिनाअगावै स्वीकृतिको लागि यस प्राधिकरणमा पेश गर्नुपर्ने तथा प्राधिकरणबाट स्वीकृत सेवा शुल्क अनिवार्य रुपमा प्राधिकरणबाट तोके बमोजिम सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्ने व्यहोरा सम्बन्धित सबै सेवा प्रदायक लगायत सरोकारवालाहरुमा प्राधिकरण सूचित गर्दछ। यस प्राधिकरणबाट स्वीकृत सेवा शुल्कको दररेट भन्दा बढी सेवा शुल्क लिने, प्राधिकरणको स्वीकृति बेगर शुल्क वृद्धि गर्ने तथा ग्राहकलाई मर्का पर्ने गरी अनधिकृत रुपमा सेवा संचालन गरेको पाइएमा यस प्राधिकरणबाट दूरसंचार ऐन, नियम बमोजिम कारवाही गरिने व्यहोरा समेत अनुरोध छ। इन्टरनेट सेवा प्रदायकहरुले यस प्राधिकरणबाट स्वीकृत दररेट भन्दा बढी सेवा शुल्क लिएको वा गैरकानुनी रुपमा सेवा संचालन गरी उपभोक्ताहरुको हकहित विपरित कार्य गरेको भए यस प्राधिकरणमा गुनासो गर्नसकिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराउदछ। उपभोक्ताहरुको हकहितको संरक्षण गर्न र स्वच्छ प्रतिस्पर्धा कायम गरी इन्टरनेट सेवालाई नियमित र व्यवस्थित गर्नको यस प्राधिकरण प्रतिबद्ध छ।

प्रवक्ता

नेपाल दूरसंचार प्राधिकरण

जमल, काठमाडौ

२०८३/०६/२४